**निर्णयहरुः**

१. २०७४ साल श्रावण २७ गते बेलुका देखि परेको अविरल बर्षाका कारण मानखोला, ओराहि नदी, बबई लगायतका नदीको पानीको वहाव खतराको सतह भन्दा माथि पुगेकोले सवैलाई समुदायलाई उच्च शतर्कतामा बस्न अनुरोध गर्ने ।

२. सवै DDRC का सदस्यहरुलाई विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७४ अनुसार पूर्ण तयारी अवस्थामा बस्न निर्देशन दिने ।

३. सवै स्थानीय तह, सरोकारवाला निकाय, संघ सस्थावाट जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको समन्वयमा आ-आफ्ना क्षेत्रवाट सहयोग जारी राख्ने र क्षतिको विवरण तत्काल पठाउन अनुरोध गर्ने ।

४. जिल्लाका केही क्षेत्रमा डुवानको सूचना प्राप्त भएकोले सुरक्षित स्थानमा स्थान्तरण गर्न र तत्काल राहत ब्यवस्था स्थानीय तहवाटै ब्यवस्थापन गर्ने र थप आवश्यक सहयोगका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिलाई जानकारी दिने।

५. जिल्लाको अवस्था अनुसार गैर खाद्धय सामाग्री ब्यवस्थापनको लागि नेपाल रेडक्रस सोसाइटीलाई र तयारी खानाको ब्यवस्थापनको लागि जिल्ला कृषि कार्यालयलाई आवश्यक समन्वयका लागि अनुरोध गर्ने निर्णय गरियो ।

६. वाढीवाट प्रभावित परिवारका लागि PLAN International, Nepal ले बाँके र बर्दिया जिल्लालाई लक्षित गरी २००० थान गैर खाद्य सामाग्रीको ब्यवस्थापन गर्ने प्रतिवद्धता जनाएकोले धन्यवाद दिने निर्णय गरियो ।

७. लगातार बबई नदीको पानीको सतह निरन्तर बढी रहेकोले हेलिकप्टर तयारी अवस्थामा राख्नको लागि क्षेत्रीय प्रशासन कार्यालय/गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

आज मिति २०६४ श्रावण २८ गते जिल्ला दैविप्रकोप उद्धार समितिका अध्यक्ष एवंम प्रमुख जिल्ला अधिकारी श्री विष्णु बहादुर थापा ज्यूको अध्यक्षतामा जिल्ला दैविप्रकोप उद्धार समिति बर्दियाको बैठक बस्यो। उपस्थिति एवं निर्णय देहाय बमोजिम छ।

उपस्थिति

प्रजिअ. श्री विष्णु बहादुर थापा अध्यक्ष
प्र०उ श्री भरत बहादुर बोहरा
सि.प्र.उ. श्री तारादत्त पन्त
स्था.वि.अ. श्री तेजराज शर्मा
को.अ. श्री रामचन्द्र पौडेल
उ.अ.नि. श्री नरेश बहादुर शाह
क.म.जी.सी.ने. श्री चन्द्रप्रकाश चौधरी
परियोजना अधिकृत TWUC श्री गोपाल प्रसाद कंडेल
कृष्ण प्रसाद गौतम, सभापति, नेरेसो बर्दिया
ति.म.वि.अ. गीता बाङबल
ने.कं.डि.अ. परशुराम रावल [illegible], बर्दिया
सि.डि.अ. रूपक राजवाली DPOC/NRC
Adaptation/DRR O. विराट पन्त TWUC
प्र.ह. मिन ब. रावल
रे.प्र.वर्ड हेम बहादुर गुरुङ
सेनानी पृथ्वी थापा श्री भैरव प्रगण
क.अ.अ. श्री विजय कुमार गडल
खरिदार श्री प्रेमलाल चौधरी।